मिति : २०७३/०९/२२

## वाग्मती सौन्दर्यीकरण निर्माणको शिलान्यास कार्यक्रम सम्पन्न

वाग्गती नदीको दुवै किनारामा सौन्दर्यीकरण निर्माण कार्य दुई वर्षमा नै सम्पन्न हुने वाग्मती सुधार आयोजनाले जनाएको छ । आज वाग्मती सौन्दर्यीकरण निर्माण कार्यको शिलान्यास गर्नु हुँदै अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष किशोर शाक्यले अर्न्तराष्ट्रिय स्तरको नदी बनाउने दृष्ट्रिकोण उक्त डिजाइनको रहेको बताउनुभयो । उहाँले अबको दुई वर्षमा मर्निङ्वार्क गर्ने, सौन्दर्यताको आनन्द लिने ठाउँको रुपमा परिणत हुने भन्दै यो प्रोजेक्टबाट काठमाडौंको रुप परिवर्तन गर्न सकिने र यस कार्यको लागि सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्नुपर्नेमा समेत जोड दिनुभयो ।

त्यस्तै समितिका आयोजना प्रमुख राजेश प्रसाद सिंहले वाग्मती नदीको सौन्दर्यता अभिवृद्धि गर्ने जिम्मा लिएका कालिका राकेन जेभी लामा एक अर्न्तराष्ट्रियस्तरको निर्माण व्यवसायी भएकाले उक्त निर्माणको काम प्रभावकारी हुने बताउनुभयो । साथै उहाँले काठमाडौंलाई गर्व गर्ने स्थान बनाउन पानीको बहाव बढाउने, धाप ड्याम, नागमती ड्यामबाट वर्षभरी नै १०४ फिटसम्मको पानी वाग्मतीमा हेर्न सकिने बताउनुभयो । यस्तै सौन्दर्यीकरणको कुरामा वाग्मती नदीको दायाँबायाँ साइकल ट्र्याक, विभिन्न जातका बोटविरुवा लगायतको दृश्य बन्ने बताउनुभयो । यस्तै स्थानीयको जग्गा सम्बन्धी समस्यालाई मध्यनजर गरेर समाधान गर्ने र  गोकर्ण क्षेत्रमा क्रियापुत्री भवन निर्माण गरिने समेत बताउनुभयो ।

त्यसैगरी उक्त आयोजनाको ठेक्का लिएको कालिका राकेन लामा जेभी कन्सट्रक्सनका ठेकदार निकोलस पाण्डेले ऐतिहासिक र साँस्कृतिक महत्व बोकेको वाग्मती नदीको विषयमा काम गर्न पाउँदा आफूलाई खुसी लागेको र यस निर्माण कार्यमा सबैको सहयोग हुनु आवश्यक रहेको बताउनुभयो ।

एक अर्व नब्बे करोडको लागतमा सौन्दर्यीकरण निर्माण कार्य गोकर्णदेखि सिनामंगलसम्म गरिने वाग्मती सुधार आयोजनाले जानकारी गराएको छ ।

साथै कार्यक्रममा अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिका बोर्ड सदस्यहरु, समितिका कर्मचारी, माकलबारी टोल सुधार समिति, पुडासैनी मैत्री समाज, राम्रो जोरपाटी हाम्रो जोरपाटी र स्थानीयहरुको सहभागिता रहेको थियो ।